स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको)

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं

पो.ब.नं. १९२४६, फोनः ०१-४५३४९२१/४५३४९२२ फ्याक्सः ०१-४४४१५२५

Email: info@swbbl.com.np, Website: swbbl.com.np

बोलपत्रद्वारा शेयर लिलाम बिक्री गर्नेबारे सूचना

आवेदन पेश गर्ने शुरु मिति : २०७८/३/१८ गते

आवेदन पेश गर्ने अन्तिम मिति : २०७८/३/२९ गते

श्री नबिल बैंक लिमिटेडको स्वामित्वमा रहेको श्री स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको जम्मा १,८९,६५३ कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.७००/- (सात सय रुपैयाँ मात्र) का दरले बोलकबोल माध्यमबाट बिक्री खुल्ला गर्ने भएको हुंदा उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक विद्यमान संस्थापकहरु वा जो कोही व्यक्ति तथा नेपालमा दर्ता भएको कम्पनी, संघ, संस्थाहरुले मिति **२०७८ साल असार २५ गते** भित्र बिक्री प्रबन्धक **श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्सास, काठमाण्डौं**मा आइपुग्ने गरी प्रति कित्ता के कति दर, रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । विद्यमान संस्थापकहरुलाई प्राथमिकता दिई यो लिलामको सूचना प्रकाशित गरी ३५ दिनको समय दिएको हुनाले संस्थापक शेयरधनीहरुलाई छुट्टै ३५ दिनको सूचना प्राकशित नगरिएको समेत यसै सूचनाद्वारा विद्यमान संस्थापकहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं ।

लिलाम बिक्री गर्नु पर्ने संस्थापक समूहको शेयर : १,८९,६५३ कित्ता

शर्तहरुः

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्सास, काठमाण्डौंबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर, रेट, अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।

३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.७००/- (सात सय रुपैयाँ मात्र) तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ ।

४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १,००० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नियमनकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन ।

५. शिलबन्दी खाम बाहिर "**स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।

६. बोलपत्रदाताले आफूले खरिद गर्न कबोल गरेको शेयर बराबरको रकम बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नबिल बैंक लिमिटेड, चावहिल शाखा, काठमाण्डौमा रहेको खाता नं. ३५०१०१७५००८३० मा Fund transfer (IPS वा RTGS वा अन्य विद्युतिय माध्यम) बाट बुझाएको खण्डमा सो को Transaction Copy को प्रति वा नगद जम्मा गरिएको भए भौचरको सक्कल प्रति वा "Nabil Investment Banking Limited" को नाममा निष्काशन खुल्ला रहेको समयावधिभित्र खिचिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्यता प्राप्त बैंक तथा वित्तीय संस्थाको Good for Payment Cheque आवेदन साथ संलग्न गर्नु पर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

७. शेयर खरीदगर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण (फोटो सहित), कर्जा सूचना केन्द्र लिमिटेडबाट प्राप्त कालो सूचिमा समावेश नभएको प्रमाणित हुने कागजात (२०७८ आषाढ २९ सम्म ३ महिना अवधि कायम रहेको), आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, आवेदकहरुले आफ्नो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।

८. निवेदक नेपालमा दर्ता भएको संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो सञ्चालक समितिको निर्णयको प्रतिलिपि लगायत Fit & Proper Test (अनुसूचि ३) को विवरण संलग्न गर्नुपर्नेछ ।

९. सबै भन्दा पहिले विद्यमान संस्थापकहरुलाई पहिलो प्राथमिकता दिई बढी बोलकबोल गर्ने रित पूर्वक आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा अन्य रित पूर्वक व्यक्ति, कम्पनी, संघ, संस्थाहरु बीच बढी कबोल गर्नेलाई शेयर बाँडफाँड गरिनेछ ।बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ । बोलकबोल स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।

१०. कम्पनीको हाल कायम रहेका शेयरधनीहरुले आवेदनमा आफ्नो शेयरधनी नम्बर/हितग्राही खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । अन्य आवेदकहरुले अनिवार्य रुपमा हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

११. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

१२. शेयरको आवेदन मिति २०७८/३/२९ गते कार्यालय समयभित्र श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्सास, काठमाण्डौमा दर्ता भई सक्नु पर्नेछ ।

१३. बोलपत्र मिति २०७८/३/३० गते बिहान १०:०० बजे नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्सास, काठमाण्डौमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको बिहान १०:०० बजे खोलिनेछ ।

१४. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

१५. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

१६. बाँडफाँट भै कम्पनीबाट स्वीकृति प्राप्त भए पश्चात् शेयर खरीद बिक्री गर्नको लागि नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडले वा बिक्रेता शेयरधनीले तोकेकी शेयर दलाल मार्फत कारोबार गराईनेछ । तोकिएको दलाल कम्पनीमा खरिदकर्ता संस्थापक शेयरधनीको ब्रोकर खाता नभएमा खरिद गरिएको शेयर नामसारी गर्ने प्रयोजनार्थ नयाँ ब्रोकर खाता खोल्नु पर्नेछ ।

१७. बाँडफाँटमा परेको बोलपत्रदाताहरुको शेयर खरीद बिक्री गर्दा खरिदकर्ताकोतर्फबाट तिर्नुपर्ने शेयर दलाल कमिशन तथा अन्य शुल्कहरु खरिदकर्ताले नै व्यहोर्नु पर्नेछ भने बिक्रेताको तर्फबाट तिर्नुपर्ने शेयर दलाल कमिशन तथा अन्य शुल्कहरु बिक्रेताले नै व्यहोर्नेछ ।

बिक्री प्रबन्धकः

NABIL INVESTMENT BANKING LTD.

(A Subsidiary of Nabil Bank Ltd.)

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्सास, काठमाडौं, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४

Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np